बैंठक सख्या :- ४१औं
मिति : २०८३/०३/०९
समय : बिहान ९.०० बजे ।

मिति २०८३/०३/०९ गतेका दिन भोटखोला गाउँपालिकाको अध्यक्ष श्री वाङछेदर लामाको अध्यक्षतामा ४१ औं गाउँ कार्यपालिकाको बैंठक बसि तपिशलका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती

| क्र.सं | नाम | पद | दस्तखत | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | श्री वाङछेदर लामा | अध्यक्ष/का.पा.अध्यक्ष | | |
| २ | श्री सहना लामा | उपाध्यक्ष/का.पा.उपाध्यक्ष | | ९८२२०९९६२२ |
| ३ | श्री नुर्पु च्यावा | १ नं वडाध्यक्ष/का.पा सदस्य | | ९८५२०३६९९६ |
| ४ | श्री जिप्पा तेन्जिङ भोटे | २ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ५ | श्री पासाङ भोटे | ३ नं वडाध्यक्ष/का.पा सदस्य | | ९८६२९८४५५१ |
| ६ | श्री विकास तामाङ | ४ नं वडाध्यक्ष/का.पा सदस्य | | |
| ७ | श्री वाल कुमार राई | ५ नं वडाध्यक्ष /का.पा सदस्य | | 9749487205 |
| ८ | श्री दावा भुटिक नावा | का.पा सदस्य | | |
| ९ | श्री चिप्पा भोटे | का.पा सदस्य | | 9762121357 |
| १० | श्री सलिना राई | का.पा सदस्य | सलिना | 9768819826 |
| ११ | श्री सरिता वि.क. | का.पा सदस्य | | |
| १२ | श्री चेक्टुक भोटे | का.पा सदस्य | | 9852035015 |
| १३ | श्री जयवाउ भोटे | का.पा सदस्य | | |
| १४ | श्री फुर्पु भोटे | प्र.प्र.अ. /का.पा सदस्य सचिव | | 9742282222 |

*अन्य कर्मचारीहरु :-*

| | | | |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्र. | श्री दावा भोटे | |
| 2, | फुर्पु पेम्बा च्यावा | स्वकीय सचिव | |
| 3, | पूर्ण कुमार तामाङ | वडा सदस्य | |
| ४, | पुर्वा भोटे | का.प अध्यक्ष ४ वडा | |
| ५ | छेवाङ भोटे | नगर प्रहरी | |

भोटखोला गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

<u>४१औ कर्यपालिका बैंठकको प्रस्तावहरुः-</u>

१.नियमावली पारित सम्बन्धमा ।
२.विधेयक पेश गर्ने सम्बन्धमा ।
३.म्याद थप सम्बन्धमा ।
४.स्वास्थ्य ईकाइ संचालन सम्बन्धमा ।
५.कर्मचारी ब्यवस्थापन सम्बन्धमा ।
६.नागिरक आरोग्य सेवा केन्द्र संचालन सम्बन्धमा ।
७.करार कर्मचारी म्यादथप सम्बन्धमा ।
८. शिर्षक परिवर्तन सम्बन्धमा ।
९. सामुदायिक स्वास्थ्य ईकाइ कर्मचारी सम्बन्धमा ।
१०. कार्यक्रम संचालन अनुमति सम्बन्धमा ।
११. प्रतिवेदन स्विकृत सम्बन्धमा ।
१२.शैक्षिक योजना सम्बन्धमा ।
१३.तलब बृद्धि सम्बन्धमा ।
१४. सम्मान सम्बन्धमा ।
१५. अन्तर स्थानीय तह सरुवा सम्बन्धमा ।
१६. विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।
१७. घरभाडामा लिने सम्बन्धमा ।
१८. नपुग रकम सम्बन्धमा ।
१९. कार्यक्रम शंसोधन सम्बन्धमा ।
२०. उजूरी प्रशासक नियुक्ति सम्बन्धमा ।
२१. राजश्व परामर्श समितिले पेश गरेको करको दर सम्बन्धमा ।
२२. [illegible] सम्बन्धमा ।
२३. दररेट पेश सम्बन्धमा
२४. संगठन तथा व्यवस्थापन सर्वेक्षण

<u>४१ औ कर्यपालिका बैठकको निर्णयहरु</u>

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा देहाय नियमावलीहरु पारित गर्ने निर्णय गरियो ।
(क) भोटखोला गाउँ कार्यपालिका (कार्य विभाजन र कार्य सम्पादन) नियमावली, २०८३
(ख) भोटखोला गाउँपालिका सार्वजनिक खरिद नियमावली, २०८३

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा देहाय विधेयकहरु १४ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

| क्र सं. | विधेयकको नाम |
|---|---|
| १ | आर्थिक बर्ष २०८३/२०८४ को अर्थ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| २ | आर्थिक बर्ष २०८३/२०८४ को विनियोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ३ | खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धमा ब्यबस्था गर्न बनेको बिधेयक |
| ४ | आर्थिक कार्यविधि नियमित गर्ने तथा आन्तरिक नियन्त्रण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक |
| ५ | आधारभूत जनस्वास्थ्य सेवा सन्चालन र व्यवस्थापन सम्बन्धी कानूनलाई संसोधन र एकीकरण गर्न वनेको विधेयक |
| ६ | भाषा, संस्कृति तथा कलाको संरक्षण र विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक |
| ७ | सामाजिक संघ संस्था दर्ता, सुचिकरण र परिचालन सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न वनेको विधेयक |
| ८ | सहकारी संस्थाको स्थापना, सन्चालन, व्यवस्थापन र नियम गर्ने सम्बन्धमा सहकारी सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक |
| ९ | कर तथा गैह्र कर राजश्व संकलन र व्यवस्थापन गर्ने सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विधेयक |
| १० | स्थानीय सेवा सन्चालन व्यवस्थापन तथा कर्मचारीको सेवाको शर्त तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक |
| ११ | स्थानीय सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन सम्बन्धी कार्यविधि कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक |
| १२ | गाउँ सभा सञ्चालन नियमावली, २०८३ |

**प्रस्ताव नं. १** माथि छलफद्ल गर्दा विज्ञापन नं ०६-०८२/०८३ स्थानीय स्वास्थ्य सेवा,हे.ई.समूह,सहायक चौथो तह,अ.हे.ब. पदको परीक्षा मिति २०८३/०१/२३ गते बुधबार संचालन हुने भनिएकोमा विविध कारणवश सो मितिमा संचालन गर्न नसक्ने भएकोले उक्त परीक्षा अर्को सूचना प्रकाशन नभए सम्मको लागी स्थगन गर्ने निर्णय पारित गरियो ।

२.प्रस्ताव नं. २ माथी छलफल गर्दा हुङगुङ छेसुम(छेसुम्ब) किमाथांका कृषि सडक निर्माण सम्बन्धी प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको लागी Dynamic Resources Managemet Services PVT.LTD.ले पेश गरिएको कार्यसूची स्विकृत गर्ने निर्णय पारित गरियो ।

भोटखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हटिया, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा प्रशिका कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले ५ सैया आधारभूत अस्पातलको भवन निर्माण र अरुणोदय मा.वि. लिंगमको आवसीय भवन निर्माण कार्यको म्याद थप गरी पाउँ भनि दिएको निवेदन अनुसार मिति २०८३ साल पौष महिनासम्मको म्याद थप गर्ने निर्णय गरियो । गाउँपालिका भवनमा ३८८, क्यानटीन निर्माणकर्ता स्याङ्दो कन्स्ट्रक्सनको म्याद २०८३ कार्तिक मसान्त सम्म थप गरियो

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा रप्सा सामुदायिक स्वास्थ्य इकाई कार्यालय २०८३ साल श्रावण महिनादेखि सञ्चालन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा सिप्रङ सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत अ हे व श्री निमा भोटेलाई २०८३ साल श्रावण १ गतेदेखि राप्सा सामुदायिक स्वास्थ्य इकाईमा कामकाजमा पठाउने र विज्ञापन नं . ०६-०८२/०८३ स्थानीय स्वास्थ्य सेवा हे इ समूह सहायक चौथो तह अ हे व पदको २०८३ साल बैशाख २३ गते सञ्चालन भएको परिक्षामा बैकल्पिक उम्मेद्वार श्री ङिमा लाजुङ भोटेलाई २०८३ साल श्रावण १ गतेदेखि सिप्रुङ सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत हुने गरी नियुक्ति दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा भोटखोला गाउँपालिका वडा नं.४ मा सञ्चालनमा रहेको नागरिक आरोग्य केन्द्र व्यवस्थापन र कार्यालय सञ्चालनको लागि भोटखोला ४ गोला बजारमा कम्तिमा ४ कोठा उपलव्ध भएको घरको लागि सूचना प्रकाशन गरी घर भाडामा लिने निर्णय पारित गरियो ।

७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा भोटखोला गाउँपालिकाको कार्यालयमा कार्यरत सबै तह र पदमा कार्यरत करार कर्मचारीहरुको करार सेवा म्याद २०८३ साल श्रावण १ गतेदेखि २०८३ पौष मसान्तसम्मको करार सेवा म्याद थप गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथी छलफल गर्दा कृष्ण मा.वि. व्यवस्थापनमा विनियोजित रकम रु. १०००००।– लाई श्री कृष्ण मा.वि. १ कोठे ट्रष्ट निर्माण योजनामा शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

९. प्रस्ताव नं. ९ माथी छलफल गर्दा रिदाक सामुदायिक स्वास्थ्य इकाईमा कार्रत का.स. श्री छिङदोर्ची भोटेलाई २०८३ साल जेठ १ गतेदेखि र थुदाम सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत अ.हे.व. श्री छेसाङ भोटेलाई र कार्यालय सहयोगी श्री फुर्बु धेन्डुक भोटेलाई तलब भत्ता भुक्तानी नदिने र पछि तन्तोषजनक रुपमा कामकाज गरेमा तलब भत्ता दिने सकिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथी छलफल गर्दा हिमाली मिशन नेटवर्कलाई भोटखोला गाउँपालिकामा कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

सालिका

११. **प्रस्ताव नं. ११** माथी छलफल गर्दा कस्तुरी मृग पहिचान प्रतिवेदन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति, २०८३ र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यको लागि पीडित तथा प्रभावित व्यक्तिका लागि समुदायमा आधारित सिफारिस संयन्त्र सम्बन्धी मार्गदर्शन स्वीकृत गर्ने निर्णय गरियो ।

१२. **प्रस्ताव नं. १२** माथी छलफल गर्दा भोटखोला गाउँपालिकाको आगामी १० वर्षको लागि निर्माण भएको शिक्षा योजनाको मस्यौदा १४ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१३. **प्रस्ताव नं. १३** माथी छलफल गर्दा आ.व. २०८३/०८४ श्रावण १ गतेदेखि पालिका अन्तर्गत करार सेवामा कार्यरत सबै सेवाका कर्मचारीहरुलाई मासिक रु. १०००।– (एक हजारका) दरले तलब बृद्धि गर्ने निर्णय गरियो ।

१४. **प्रस्ताव नं. १४** माथी छलफल गर्दा भोटखोला गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी एम.आई.एस. फिल्ड सहायक श्री धन नारायण राईलाई निकासी कर संकलन गरे वापत नगद रु. २५०००।– सम्मान सहित पुरस्कार वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

१५. **प्रस्ताव नं. १५** माथी छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन ऐन, २०८० को दफा २४ को उपदफा (४) बमोजिम यस भोटखोला गाउँपालिकाको कार्यालयमा कार्यरत देहायका कर्मचारीहरुलाई सरुवा लागि कोशी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विराटनगर लेखि पठाउने निर्णय गरियो ।

**श्रीप्रसाद उराँव** (कर्मचारीसङ्केत नम्बर:- २३५९०४)

| |
|---|
| पद:- प्रशासन सहायक |
| तह:- सहायक पाँचौं |
| सेवा:- प्रशासन |
| समुह:- सामान्य प्रशासन |

**प्रतिष्ठ न्यौपाने**

| |
|---|
| पद:- प्राविधिक सहायक |
| तह:- सहायक पाँचौं |
| सेवा:- स्थानीय शिक्षा |
| समुह:- शिक्षा |

श्रेया भट्टराई

| | |
|---|---|
| पद:- सहायक महिला विकास निरीक्षक | |
| तह:- सहायक चौथो | |
| सेवा:- विविध | |

भोटखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हटिया, सङ्खुवासभा कोशी प्रदेश २०७३

१६. **प्रस्ताव नं. १६** माथी छलफल गर्दा तपशिलका पदहरु २०८३ साल श्रावण १ गते २१ दिने विज्ञापन प्रकाशित गर्ने निर्णय गरियो ।

१. कविराज बैद्य पाँचौ तह – १ जना (नागरिक आरोग्य केन्द्र भोटखोला -४,गोला)

२. कार्यलय सहयोगी – १ जना (राप्सा सामुदायिक स्वास्थ्य इकाई भोटखोला -५)

१७. **प्रस्ताव नं. १७** माथी छलफल गर्दा भोटखोला गाउँपालिकाको मिति २०८२ साल चैत्र २५ गते प्रकाशित सूचना अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र भोटखोला गाउँपालिकाको रैथाने बाली संरक्षण प्रवर्द्धन तथा बजारीकरणको सहकार्यमा सञ्चालन हुने गरी घर भाडा सम्बन्धी सूचना बमोजिम ५ जना घरधनीहरुले दररेट सहित निवेदन प्राप्त भएको र गाउँपालिकाको जनप्रतिनिधि र कर्मचारीहरुको संयुक्त स्थलगत तथा मुल्याङ्कन अनुसार स्थान, घरको अवस्था र इन्टरनेटको पहुँजको सहजताको आधारमा भोटखोला गाउँपालिका वडा नं. ३ बस्ने ना.प्र.नं. १०१०१८-१११को टासी भोटेको घरलाई सो प्रयोजनको लागि निवेदनमा उल्लेख भए अनुसारको दररेट अनुसार २०८३ साल श्रावण १ गतेदेखि लागू हुने गरी सम्झौता गरी निमयमानुसार भाडामा लिने निर्णय गरियो ।

१८. **प्रस्ताव नं. १८** माथी छलफल गर्दा कार्यक्रम संकेत नं.१३४.२२.१.४८ खर्च शिर्षक नं. २२७११ विविध प्रशासनिक चालु खर्च शिर्षकबाट दैनिक भ्रमण भत्ता शिर्षकमा रु. ७०००००।– (अक्षरेपी सात लाख) रुपैया रकमान्तर गर्ने निर्णय गरियो ।

१९. **प्रस्ताव नं. १९** माथी छलफल गर्दा संकेत नं. १३४.२२.१.३५ खर्च शिर्षक नं. २२४११ बाट २ सोसदेखि दो लिबलिबसम्म अरुण नदीमा बहुपर्यटकीय झोलुङ्गे पुल डि.पि.आर.निर्माण योजनालाई झोलुङ्गेपुलको प्रारम्भिक सर्भे कार्यक्रम शिर्षकमा शंसोधन गर्ने निर्णय गरियो ।

२०. **प्रस्ताव नं. २०** माथी छलफल गर्दा न्यायिक समितिको उजूरी प्रशासकमा कानून अधिकृत श्री प्रेम घोटैलीलाई नियुक्ति दिने निर्णय गरियो ।

२१. **प्रस्ताव नं. २१** माथी छलफल गर्दा संकेत नं. १३४.२२.१.१६३ खर्च शिर्षक नं. ३११५१ बाट २ संखुवासभा गुम्बा योजनालाई विनियोजन भएको रकम रु. २०००००।– (अक्षरेपी दुई लाख) रुपैया श्री संखुवासभा भोटे गुम्बा फर्निचर व्यवस्थापन काठमाण्डौलाई दिने योजना संशोधन गर्ने र संकेत नं. १३४.२२.१.३४ खर्च शिर्षक नं. २२५२९ बाट २ पालिका भवन मर्मत सम्भार रङ्गरोगत तथा जेनेटर व्यवस्थापन कार्यक्रममा विनियोजन भएको रु. ५०००००।– (अक्षरेपी पाँच लाख) रुपैयालाई कार्यालय मशलन्द शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

२२. **प्रस्ताव नं. २२** माथी छलफल गर्दा कार्यक्रम संकेत नं.१३४.२२.१.४८ खर्च शिर्षक नं. २२७११ विविध प्रशासनिक चालु खर्च शिर्षकबाट कार्यालय सामाग्री खरिद शिर्षकमा रु. ७०००००।– (अक्षरेपी सात लाख) रुपैया रकमान्तर गर्ने निर्णय गरियो

२३. **प्रस्ताव नं. २३** माथी छलफल गर्दा राजश्व परामर्श समितिले पेश गरेको करका दरहरुलाई सभा पेश गर्ने निर्णय गरियो ।